# थुलुङ दुधकोशी राजपत्र

## थुलुङ दुधकोशी गाउँपालिकाद्वारा प्रकाशित


## भाग-१

### सूचना ६

### थुलुङ दुधकोशी गाउँपालिकाको आधारभुत सरसफाई तथा फोहोरमैला व्यवस्थापन गर्न बनेको ऐन, २०७५

प्रमाणिकरण मिति : २०७५/०३/१०

**प्रस्तावना** : आधारभूत स्वास्थ्यप्रति गाउँवासीहरूमा जागरुकता अभिवृद्धि गरी प्राकृतिक एवं मानव उत्पादित फोहरमैलाको स्रोतमा न्यूनीकरण, पुनः प्रयोग, प्रसोधन, एवं विर्सजन गर्ने व्यवस्था कायम गर्दै घर, आँगन, चोक, टोल र सडक सफा राखी जनस्वास्थ्य एवं वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी गाउँपालिकामा स्वच्छ एवं स्वस्थ वातावरण कायम र व्यवस्थित पर्यटकीय क्षेत्रको रुपमा गाउँपालिकालाई स्थापित गर्न उद्देश्यले नेपालको संविधान २०७२ को धारा २२६ बमोजिम थुलुङ दुधकोशी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस विधेयकको नाम "थुलुङ दुधकोशी गाउँपालिकाको फोहरमैला तथा सरसफाई व्यवस्थापन गर्न बनेको ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन गाउँपालिका क्षेत्र भर तुरून्त लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेका यस ऐनमा,

(क) "औद्योगिक प्रतिष्ठान" भन्नाले कुनै उद्योग, व्यवसाय वा सेवा सञ्चालन गर्ने उद्देश्यले कानुन बमोजिम स्थापित कुनै कम्पनी, उद्योग, फर्म वा यस्तै प्रकृतिको निकाय सम्झनु पर्छ ।

(ख) "औद्योगिक फोहोरमैला" भन्नाले औद्योगिक प्रतिष्ठानबाट निष्कासन हुने हानिकारक तथा प्रदूषित फोहरमैला सम्झनु पर्छ ।

(ग) "कन्टेनर" भन्नाले फोहरमैला संकलन गर्ने प्रयोजनको लागि निश्चित स्थानमा राखिएको फोहरमैला थुपार्ने भाँडो वा वाल्टिन र यस्तै प्रकारको अन्य कुनै वस्तु सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले थुलुङ दुधकोशी गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(ङ) "गाउँपालिका" भन्नाले थुलुङ दुधकोशी गाउँपालिकालाई सम्झनु पर्छ।

(च) "निष्कासन" भन्नाले फोहरमैला उत्पादन स्थलबाट गाउँपालिकाले तोकेको स्थानमा थुपार्ने वा निकाल्ने कार्य सम्झनु पर्दछ ।

(छ) "अध्यक्ष" भन्नाले थुलुङ दुधकोशी गाउँपालिको अध्यक्षलाई सम्झनु पर्छ ।

(ज) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले थुलुङ दुधकोशी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(झ) "फोहरमैला" भन्नाले घरेलु, औधोगिक, रासायनिक, प्लाष्टिक र सिसाजन्य, मासु तथा पशुजन्य,कृषिजन्य, स्वास्थ्य संस्थाजन्य, सवारी साधनजन्य वा हानिकारक फोहरमैला संझनुपर्दछ र सो शब्दले तत्काल प्रयोग हुन नसकेका, फालिएका, सडेगलेका, वातावरणमा प्रतिकूल हुने गरी निष्कासन गरिएका ठोस, तरल, ग्याँस, लेदो, धुवाँ, धुलो विधुतीय एवं सूचना प्रविधिसँग सम्बन्धित सामाग्री तथा त्यस्तै प्रकारका सार्वजनिक स्थलमा टाँसिएका पोस्टर, पम्पलेट, पर्चा, फ्लेक्सबोर्ड तथा तोकिएका अन्य सामाग्रीहरू समेतलाई सम्झनु पर्छ ।

(ञ) "फोहरमैला प्रशोधन" भन्नाले फोहरमैलाको स्वरुप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने मल, ग्याँस, ऊर्जा वा अन्य वस्तु उत्पादन गरी फोहरमैला व्यवस्थापन गर्ने प्रक्रिया सम्झनु पर्छ।

(ट) "फोहरमैला व्यवस्थापन" भन्नाले फोहरमैलाको स्रोतमा पृथकीकरण, संकलन, प्रशोधन, विसर्जन वा फोहरमैलाको व्यवसाय गर्ने कार्यलाई समेत सम्झनु पर्छ ।

(ठ) "फोहर मैला संकलन" भन्नाले फोहरमैला उत्पादन स्थलबाट उठाउने, घरघरबाट संकलन गर्ने, सार्वजनिक स्थलबाट बढार्ने, थुपार्ने, झारपात उखेल्ने, सार्वजनिक स्थलमा राखिएका पोष्टर, पम्पलेट ब्यानर आदि उप्काउने र संकलन गर्ने कार्यलाईसम्झनु पर्छ ।

(ड) "बिसर्जन" भन्नाले फोहरमैलाको अन्तिम निष्कासन तथा व्यवस्थापन सम्झनु पर्छ ।

(ढ) "वडा समिति" भन्नाले थुलुङ दुधकोशी गाउँपालिकाका वडा समितिहरूलाई सम्झनु पर्छ ।

(ण) "व्यवस्थापन स्थल" भन्नाले फोहरमैला व्यवस्थापन स्थल सम्झनु पर्छ ।

(त) "सार्वजनिक शौचालय" भन्नाले सर्वसाधारणले प्रयोग गर्ने गरी कुनै व्यक्ति, संस्था वा निकायको स्वीकृतिमा त्यस्ता व्यक्ति, संस्था वा निकायको जमीनमा वा सार्वजनिक जग्गामा निर्माण तथा सञ्चालन गरिएको शौचालय सम्झनु पर्दछ ।

(थ) "सामुदायिक संस्था" भन्नाले नाफा आर्जन नगर्ने उद्देश्यले समुदायको हितको लागि प्रचलित कानून बमोजिम र स्थापित सहभागितामूलक प्रकृतिको टोल विकास संस्था तथा उपभोक्ता समूह र गैरसरकारी संस्था सम्झनु पर्छ ।

(द) "संकलन केन्द्र" भन्नाले घर घरबाट निस्कने फोहरमैला संकलन गरी निर्धारित समयसम्म राख्न वा थुपार्न गाउँपालिका वा वडाले तोकेको स्थान सम्झनु पर्दछ र घरघरमा फोहरमैला संकलन गर्न आउने गाउँपालिकाले तोकेको फोहरमैला संकलन गर्ने व्यक्ति, संस्था वा निकाय वा फोहरमैला संकलन गर्ने साधन समेतलाई सम्झनु पर्छ ।

(ध) "संकलन पात्र" भन्नाले फोहरमैला संकलन गर्ने, बाल्टी, डस्टविन, कन्टेनर लगायतका सामाग्री सम्झनु पर्छ ।

(न) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गतको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद २

## आधाभूत सरसफाई तथा फोहरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

**३. फोहरमैला उत्पादन कम गर्ने :** (१) प्रत्येक गाउँपालिकावासीमा आधाभूत सरसफाई तथा फोहरमैला व्यवस्थापन प्रति जागरुकता अभिवृद्धि गरी गाउँपालिकावासीकै सक्रिय सहभागितामा फोहरमैलाको व्यवस्थापन गरिनेछ ।

(२) प्रत्येक गाउँपालिकावासीमा सरसफाईको भावना विकास गरी घर आँगन सफा राख्ने र सहभागितात्मक प्रणालीबाट गाउँपालिका क्षेत्रलाई वातवारण र पर्यावरणमैत्री पालिकाको रुपमा विकसित गरिनेछ ।

(३) कुनै व्यक्ति, परिवार, व्यवसायिक संस्था वा निकायले कुनै काम, व्यवसाय वा कारोबार गर्दा उत्पादन हुने फोहरमैला यथाशक्य कम गर्नुपर्नेछ । गाउँपालिकाले फोहरमैला न्यूनिकरण, पुन : प्रयोग तथा पुनः चक्रीय प्रयोगलाई

प्रोत्साहन गर्ने समन्वयात्मक व्यवस्था मिलाउने छ र यसको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(४) आफ्नो घरपरिवार, आँगन, टोल, सडक र सार्वजनिक स्थानमा उत्पादन भएको फोहरमैला पुनस् प्रयोगको व्यवस्था मिलाइ फोहरमैलाको परिमाणलाई घटाएपछि मात्र फोहरमैला निष्कासन गर्नु व्यक्ति, परिवार, टोल सुधार समिति, स्थानीयवासी वा निकायको कर्तव्य हुनेछ ।

(५) गाउँपालिकाले फोहरमैला संकलन स्थललाई सरसफाई केन्द्रका रुपमा विकसित गरी व्यवसायिक प्रयोजन मार्फत पनि सञ्चालन गर्न सक्नेछ ।

**४. स्रोतमा फोहरमैला पृथकीकरण गर्नु पर्ने :** (१) प्रत्येक व्यक्ति, परिवार, होटल, लज, रेष्टुराँ, व्यवसायी, गाउँपालिकावासी तथा संघ संस्था वा निकायले स्रोतमा फोहरमैला अनुसूची (१) बमोजिम पृथकीकरण गर्नु पर्नेछ ।

(२) स्रोतमा फोहरमैला पृथकीकरण गर्दा जैविक, अजैविक, पुनस् प्रयोग हुने र खतराजन्य फोहरमैला अलगअलग छुट्याएर राख्नु पर्नेछ।

(३) गाउँपालिकाले फोहरमैला संकलन गर्ने दिन, समय र स्थान छुट्याई अलग अलग दिनमा जैविक,अजैविक, पुन : प्रयोग हुने र तोकिए बमोजिमका हानिकारक खतराजन्य फोहोर संकलन गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(४) हानिकारक वा खतराजन्य वा रासायनिक फोहरमैला संकलन केन्द्रमा निष्कासन गर्न पाइने छैन ।

(५) गाउँपालिकाले जैविक र अजैविक फोहोर संकलनका लागि सार्वजनिक स्थलमा संकलन पात्र राख्न सक्नेछ ।

(६) गाउँपालिकाले फोहरमैला व्यवस्थापन तथा वातावरण संरक्षणका लागि अलग्गै एकाई सञ्चालनमा ल्याइ काम गर्नसक्नेछ ।

**५. सार्वजनिक स्थलमा फोहर फाल्न निषेध गरिएको :** (१) गाउँपालिका क्षेत्रभित्र निजी घर बाहिर वा वरिपरि,सडक, नाला वासार्वजनिक स्थल वा अन्य कुनै पनि खुल्ला स्थानमा जथाभावीफोहर फाल्न निषेध गरिएको छ ।

(२) व्यक्ति घरपरिवार, पसल, होटल, उधोग, स्वास्थ्य संस्था वा अरु कसैले पनि तोकिएको समय र स्थानमा मात्र फोहर निष्कासन गर्नुपर्ने छ ।

(३) गाउँपालिकाले जैविक र अजैविक फोहोर संकलन तथा व्यवस्थापनका लागि सार्वजनिक स्थलमा राखिएको भाँडोमा व्यवस्थित रुपमा राख्न मिल्ने फोहोर मात्र राख्नु पर्नेछ । तोकिएको फोहोर संकलन गर्न राखिएको भाँडोमा सो बाहेक अन्य फोहोर फाल्न पाइने छैन ।

**६. फोहरमैलाको ढुवानी :** (१) संकलन केन्द्रमा जम्मा भएको फोहरमैला व्यवस्थापन स्थलसम्म ढुवानी गर्ने दायित्व गाउँपालिकाले वा गाउँपालिकाले व्यवस्था गरेको संस्था वा निकायको हुनेछ ।

(२) उपदफा (१) बमोजिम फोहरमैला ढुवानी गर्दा तोकिए बमोजिमको ढुवानी साधन प्रयोग गर्नुपर्नेछ । गाउँपालिकाले यस्तो साधन तोक्दा तौल, तरिका, सडकको क्षमता तथा वातावरणमा पर्न सक्ने प्रभाव समेतलाई विचार गरी तोक्नुपर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम फोहरमैला ढुवानी गर्दा दफा ४ बमोजिम स्रोतमा छुट्याई निष्कासन तथा संकलन गरिएको फोहरमैलाको अलग अलग ढुवानी गर्नु पर्नेछ ।

**७. सरसफाइ केन्द्रको व्यवस्था तथा सञ्चालन :** (१) गाउँपालिकाले पालिका क्षेत्रमा एक सरसफाइ संकलन तथा प्रशोधन केन्द्रको व्यवस्था गर्नु पर्नेछ ।

(२) यस्तो सरसफाई संकलन तथा प्रशोधन केन्द्र आवश्यकता अनुसार वडा तहमा पनि विस्तार गर्न सकिनेछ ।

(३) सरसफाइ संकलन तथा प्रशोधन केन्द्रको सञ्चालन व्यवसायिक रुपमा पनि गर्न सकिनेछ ।

(४) सरसफाइ संकलन तथा प्रशोधन केन्द्रमा कुहिने फोहोरलाई कम्पोष्ट मल बनाउनु पर्नेछ । यसरी कम्पोष्ट मल बनाउँदा जैविक विधिको प्रयोग गरी फोहोरबाट गन्ध नआउने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) सरसफाइ संकलन तथा प्रशोधन केन्द्र तथा यसको सञ्चालन सम्बन्धी मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(६) गाउँपालिकाले सरसफाइ संकलन तथा प्रशोधन केन्द्रको सञ्चालन आफैं वा सार्वजनिक निजी साझेदारीको अवधारणाबाट गर्न सक्नेछ ।

**८. फोहरमैला व्यवस्थापनको अनुगमन :** (१) गाउँपालिकाले फोहरमैला निष्कासन तथा व्यवस्थापन कार्यको नियमित अनुगमन गर्नु वा गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा गाउँपालिकाले आवश्यक कार्य योजना बनाई लागू गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुगमनमा खटिनेले अनुगमन पश्चात सोको प्रतिवेदन तोकिएको ढाँचामा गाउँपालिकाका समक्ष दिनुपर्नेछ ।

(४) प्राप्त प्रतिवेदनमा औंल्याइएका विषयहरूको सुधार तथा कार्यान्वयनका लागि गाउँपालिकाले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(५) गाउँपालिकाले यस दफा बमोजिम अनुगमन गर्ने कार्यका लागि प्राविधिक सहितको छुट्टै वडास्तरीय र पालिकास्तरीय संयन्त्र निर्माण गरी तोकिए बमोजिम कार्यादेश दिन सक्नेछ ।

९. **सरसफाइ सेवा शुल्क तोक्न सक्ने :** (१) कार्यपालिकाले गाउँपालिकाक्षेत्रमा फोहरमैलाको संकलन गरी सरसफाइलाई व्यवस्थित गर्न सेवा शुल्क तोक्न सक्नेछ ।

(२) कसैले पनि गाउँपालिकाले उपदफा (१) बमोजिम तोकेको सेवा शुल्क भन्दा बढी शुल्क उठाउन पाउने छैन ।

(३) गाउँपालिका वा वडा कार्यालयबाट संकलित फोहरमैला व्यवस्थापन सेवा शुल्कबाट गाउँपालिकाले तोकेको कोषमा जम्मा गर्नु पर्नेछ । यसरी संकलन गरिएको रकम फोहरमैला व्यवस्थापनको कार्यमा खर्च गर्न प्राथमिकता दिनु पर्नेछ ।

१०. **टोल सुधार समितिको व्यवस्था :** (१) गाउँपालिकाक्षेत्रको फोहरमैला स्रोतमा छुट्याई घरपरिवार, टोल, सडक, नाला वा सार्वजनिक स्थान सफा राख्न प्रत्येक टोलमा टोल सुधार समितिलाई सक्रिय गराइ परिचालन गर्नुपर्नेछ ।

(२) टोल सुधार समितिको गठन तथा परिचालनका लागि वडा अध्यक्षले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(३) टोल सुधार समितिको आफ्नै एउटा कोष हुनेछ जसमा देहाय अनुसारका रकम रहने छ ।

(क) टोलवासीको सदस्यता शुल्कबाट उठेको रकम,

(ख) चन्दादाताबाट प्राप्त रकम,

(ग) गाउँपालिकाबाट प्राप्त अनुदान,

(घ) संघ संस्था वा अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(४) टोल सुधार समितिको कोषको सञ्चालन देहायका क्षेत्रमा गर्न सकिनेछ :

(क) टोल सुधार समितिको विधानमा भएको कोष सञ्चालन समितिको निर्णय बमोजिमक गर्न सक्ने,

(ख) सार्वजनिक स्थलको सरसफाईका लागि प्रयोग गर्न सक्ने,

(ग) सरसफाईमा संलग्न जनशक्ति व्यवस्था गर्न सक्ने,

(घ) फोहरमैला व्यवस्थापन सम्वद्ध मेला, महोत्सव, अभियान संचालन गर्न सक्ने ।

(५) टोल सुधार समितिको गठन, परिचालन, वार्षिक साधारण सभा, पदाधिकारी चयन, विघटन तथा कारबाही सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**११. टोल सुधार समितिको काम, कर्तव्य र अधिकार :** टोल सुधार समिति वा सरसफाई समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) बजार क्षेत्रको सरसफाईका लागि समुदाय तथा जनशक्ति परिचालन गर्ने,

(ख) टोलवासीले प्रयोग गर्ने गरेको सेफ्टी ट्याङ्क लगायतबाट उत्पादन हुने फोहरमैलाको उचित व्यवस्थापन भए नभएको अनुगमन गरी उचित व्यवस्थापन गर्न लगाउने र त्यसरी उचित व्यवस्थापनमा असहयोग पुऱ्याउनेलाई कारबाहीका लागि वडामा लेखी पठाउने,

(ग) टोलवासी तथा टोलमा सञ्चालन हुने व्यवसायका लागि आवश्यक पर्ने धारा, पानी र विजुली जडान गर्न वडा कार्यालयमा सिफारिश गर्ने,

(घ) फोहरमैला व्यवस्थापन सम्वद्ध टोल सुधारका लागि आवश्यक पर्ने मेला महोत्सव सञ्चालनका लागि आवश्यक पहल गर्ने,

(ङ) टोल सुधारका लागि आवश्यक पर्ने अन्य कार्य गर्ने ।

**१२. घरमा चर्पी र सेफ्टी ट्याङ्क अनिवार्य रुपमा बनाउनु पर्ने :** (१) कसैले पनि चर्पीको फोहोर सडक वा खुला नालामा वा खुला रुपमा विसर्जन गर्न पाउने छैन ।

(२) गाउँपालिका क्षेत्रमा बन्ने नयाँ भवनमा चर्पी र सेफ्टी ट्याङ्क अनिवार्य रुपमा भएको हुनु पर्नेछ । गाउँपालिका क्षेत्रमा बन्ने नयाँ भवनमा सेफ्टी ट्याङ्की बनाउने स्थान स्पष्ट नखुलेसम्म नक्सापास गरिने छैन । साथै सेफ्टि ट्याङ्क बनेको प्रमाण पेश नगरेसम्म दोस्रो चरणको भवन निर्माण अनुमति प्रदान गरिने छैन ।

(३) यो ऐन लागू हुनुपूर्व निर्माण भैसकेका भवनमा सेफ्टी ट्याङ्की नभएको भए सामूहिक वा सार्वजनिक सेफ्टी ट्याङ्की निर्माण गरी सोको व्यवस्थापन गर्ने जिम्मेवारी टोल सुधार समिति वा वडा कार्यालयको हुनेछ ।

तर टोल सुधार समिति वा वा वडा कार्यालयहरूबाट सेफ्टी ट्याङ्कको व्यवस्थापन एवं प्रशोधन हुन नसकेमा गाउँपालिकाले सोको व्यवस्थापन गर्न बाधा पर्ने छैन ।

(४) उपदफा (३) बमोजिम टोल सुधार समिति वा वडा कार्यालय वा गाउँपालिकाले सामूहिक वा सार्वजनिक सेफ्टी ट्याङ्क निर्माण गरी संचालन एवं व्यवस्थापन गरेकोमा गाउँपालिकाको निर्णय अनुसार सेवा शुल्क लगाउन सक्नेछ ।

**१३. सार्वजनिक शौचालय सम्बन्धी व्यवस्था :** (१) गाउँपालिकाले सर्वसाधारणले प्रयोग गर्ने गरी कुनै व्यक्ति, संस्था वा निकायको सहमति र सहकार्यमा त्यस्ता व्यक्ति,

संस्था वा निकायको जमीनमा वा सार्वजनिक जग्गामा सार्वजनिक शौचालय निर्माण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्माण गरिएको शौचालयको सञ्चालन टोल सुधार समिति वा बजार व्यवस्थापन समिति वा निजी क्षेत्र वा वडा कार्यालय मार्फत गरिनेछ ।

(३) कुनै पनि व्यक्ति, संस्था वा निकायले गाउँपालिकाको पूर्वस्वीकृति नलिई गाउँपालिका क्षेत्रभित्र सार्वजनिक शौचालय निर्माण वा सञ्चालन गर्न पाउने छैन ।

(४) सार्वजनिक शौचालय निर्माण तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१४. पशुपंक्षीजन्य फोहरमैलाको व्यवस्थापन :** (१) कसैले निजी वा व्यवसायिक प्रयोजनका लागि पशुपंछी पालन गरेकोमा त्यस्तो पशुपंछीबाट निसृत हुने फोहरमैला व्यवस्थापन गर्ने दायित्व सम्बन्धित व्यक्ति, संस्था वा निकायको हुनेछ ।

(२) पालिका क्षेत्रमा पशुपंछीको फोहरमैला व्यवस्थापन गर्न अध्यक्षले आदेश दिन सक्नेछ ।

(३) पालिका क्षेत्रमा पशुपंछीको फोहरमैला व्यवस्थापन सम्बन्धी अन्य कुरा तोकिए बमोजिम हुनेछ ।

**१५. अस्पताल तथा स्वास्थ्य संस्थाको फोहरमैला व्यवस्थापन सम्बन्धी विशेष व्यवस्था :**

(१) गाउँपालिका क्षेत्रभित्र संचालन हुने अस्पताल तथा स्वास्थ्य संस्थाले नेपाल सरकार वा प्रदेश सरकार वा गाउँपालिकाद्वारा लागू गरिएको स्वास्थ्य सेवा फोहोर व्यवस्थापन सम्बन्धी प्रचलित कानूनको पूर्ण पालना गर्नु पर्नेछ ।

(२) अस्पताल वा स्वास्थ्य संस्थामा बिरामीको चाप र सेवाको स्तर हेरी अटोक्लोभ वा मिनि अटोक्लोभ मेशिनको प्रयोगद्वारा जोखिमपूर्ण फोहरमैला निर्मलीकरण गरेर मात्र तोकिएको ठाउँमा विसर्जन गर्नु पर्नेछ ।

(३) अस्पताल वा स्वास्थ्य संस्थाले पर्याप्त मात्रामा सुई काट्ने औजार (निडिलकटर) राखी प्रयोग गरिएका सुईजन्य सामग्री टुक्राएर तोकिएको ठाउँमा विसर्जन गर्नु पर्नेछ ।

(४) स्वास्थ्य संस्थाहरूको डेलिभरी, अपरेशन थिएटर र ड्रेसिङ कोठा आदिमा स्रोतमा नै फोहोर छुट्याउनको लागि आवश्यकता अनुसारका संकलन पात्र राख्ने स्ट्याण्ड बनाउनु पर्नेछ ।

(५) स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी तथा संस्थाको लागि माक्स, बुट,पन्जा चस्मा, एप्रोन, भाईरेक्स र फिनेल आवश्यक मात्रामा उपलब्ध गराउनु पर्नेछ ।

(६) अस्पताल तथा प्रसूति केन्द्रहरूमा सालनाल व्वस्थापन गर्नका लागि प्लासेन्टा पिटअनिवार्य रुपमा राख्नु पर्नेछ ।

(७) स्वास्थ्य संस्थाले कुहिने प्रकृतिका फोहोर विर्सजनको लागि उचित किसिमको खाल्डो र नकुहिने प्रकृतिका फोहोर विर्सजनको निमित्त डढाउने मेशिन ( इन्सिनेरेटर) को व्यवस्था गर्नु पर्नेछ ।

(८) उपचारको क्रममा काट्नु फाल्नु पर्ने मानव अङ्ग जथाभावी विसर्जन गर्न पाइने छैन । यस्ता फोहरजन्य सामाग्री तोकिए बमोजिम व्यवस्थापन गर्नुपर्नेछ ।

**१६. फोहरमैला संकलन तथा सरसफाइ कार्यमा संलग्न जनशक्तिको स्वास्थ्य परीक्षण गराउनु पर्ने :** (१) फोहरमैला संकलन तथा सरसफाइ कार्यमा खटिएका जनशक्तिलाई त्यसरी काममा लगाउनेले त्रैमासिक रुपमा स्वास्थ्य परीक्षण गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) फोहरमैला संकलन तथा सरसफाइ कार्यमा खटिएका जनशक्तिलाई काममा लगाउनेले मास्क, पञ्जा, बुट, हेलमेट लगायतका सुरक्षा सामग्री उपलब्ध गराउनु पर्नेछ ।

**१७. गाउँपालिकाले अनुगमन गर्न सक्ने :** (१) गाउँपालिकाले व्यक्ति, संघ संस्था, निकाय तथा व्यवसायीले गर्ने फोहोर व्यवस्थापन कार्यको अनुगमन गर्न सक्नेछ ।

(२) उपदफा (१) अनुसार अनुगमनको क्रममा सुधार गर्नु पर्ने अवस्था देखिएमा गाउँपालिकाले त्यस्तो व्यक्ति, संघ संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ । यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति, संघसंस्था वा व्यवसायीको कर्तव्य हुनेछ ।

(३) गाउँपालिकाले उपदफा (१) र (२) बमोजिम गरेको अनुगमनबाट निज व्यक्ति, संघसंस्था वा निकायले तोके बमोजिमको कार्य गरेको नपाइएमा त्यस्तो व्यक्ति, संघसंस्था वा निकायलाई कुनै कार्य गर्न वा नगर्न आदेश दिन सक्नेछ ।

## परिच्छेद ३

## कसूर, दण्ड सजायतथा पुनरावेदन

**१८. कसुर तथा दण्ड सजाय :** (१) कसैले तोकिएको स्थान भन्दा अन्यत्र कुहिने फोहर फालेमा अध्यक्षले पहिलो पटकका लागि पाँच सय रुपैयाँ र त्यसपछि पटकै पिच्छे थप एक हजार रुपैयाँका दरले जरिवाना गर्न सक्नेछ ।

(२) कसैले तोकिएको स्थान भन्दा अन्यत्र नकुहिने फोहर फालेमा अध्यक्षले पहिलो पटकका लागि एक हजार रुपैयाँ र त्यसपछि पटकै पिच्छे एक हजार पाँचसय रुपैयाँ जरिवाना गर्न सक्नेछ ।

(३) दफा १२ को उपदफा (१) बमोजिम चर्पीको फोहर सडक वा खुला नालामा वा खुलारुपमा फाल्नेलाई अध्यक्षले पहिलो पटकका लागि पाँच हजार रुपैयाँ र त्यसपछि पटकै पिच्छे थप पाँच हजार रुपैयाँका जरिवाना गर्न सक्नेछ ।

(४) पटक पटक अनधिकृत समय र ठाउँमा फोहरमैला फ्याँक्नेलाई अध्यक्षले दिने सेवा स्थगन वा रोक्का गर्न सक्नेछ ।

(५) दफा १४ (२) बमोजिम पालिका क्षेत्रभित्र पशुपंछीजन्य फोहरमैला हटाउन वा व्यवस्थापन गर्न अध्यक्षले दिएको आदेश पालना नगरेमा पहिलो पटक रु. पाँच सय र पुन : दोर्होयाएमा पटक पिच्छे रु. एक हजार जरिवाना गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम पटक पटक कारबाही गर्दा समेत निजले फोहर व्यवस्थापन नगरेमा गाउँपालिकाले त्यस्तो फोहर व्यवस्थापन गर्न सक्नेछ । यसरी फोहर व्यवस्थापन गर्दा लागेको खर्चमा सतप्रतिशत जरिवाना थप गरी निजबाट असूल उपर गरिनेछ ।

(७) दफा १४ बमोजिम पशुपंछी पालन गर्ने वा व्यवसाय गर्नेलाई गाउँपालिकाले उपदफा (६) बमोजिम कारबाही गरेकोमा पुन : निजबाट त्यस्तो कार्य भएमा गाउँपालिकाले त्यस्तो पशुपंछी पाल्न वा व्यवसाय गर्न रोक लगाउन सक्नेछ ।

(५) दफा १५ बमोजिम अस्पताल वा स्वास्थ्य संस्थाले गर्नुपर्ने कार्य नगरेमा गाउँपालिकाले न्यूनतम पच्चीस हजारदेखि एक लाख पचास हजार सम्म जरिवाना गर्न सक्नेछ । साथै यस ऐनमा तोकिए भन्दा अन्यथा तरिकाले फोहोर विसर्जन गरेको पाइएमा त्यस्तो संस्था बन्द गर्न आदेश दिन सक्नेछ ।

(६) दफा १६ को उपदफा (१) बमोजिम फोहरमैला संकलन तथा सरसफाइ कार्यमा खटिएका जनशक्तिको त्रैमासिक रुपमा स्वास्थ्य परीक्षण नगर्ने स्वास्थ्य संस्थालाई अध्यक्षले पटकै पिच्छे रु. पच्चीस हजार जरिवाना गर्न सक्ने छ ।

(७) दफा १७ को उपदफा (३) बमोजिमको अध्यक्षले दिएको आदेशको पालना नभएमा अध्यक्षले देहाय बमोजिम गर्न सक्नेछ :

(क) त्यस्तो व्यक्ति, संघसंस्था वा निकायलाई सो कार्यबाट पुग्न गएको हानि नोक्सानी हुनुपूर्वको अवस्थामा ल्याउन लगाउने,

(ख) निज व्यक्ति, संघसंस्था वा निकायले तोकेको समयमा पूर्ववत् अवस्थामा नल्याएमा सो अवस्थामा ल्याउन लाग्ने खर्चको प्राविधिक मूल्याङ्कन गरी सो बराबरको रकम गाउँपालिकामा जम्मा गर्न आदेश दिने,

(ग) खण्ड (ख) बमोजिमको आदेशको पालना नगर्ने व्यक्ति, संघसंस्था वा निकायलाई गाउँपालिकाबाट प्रदान गरिने सेवा रोक्का गर्ने,

(घ) खण्ड (ख) बमोजिमको रकम जम्मा नगर्ने व्यक्ति, संघसंस्था वा निकायको चल अचल सम्पत्ति रोक्का गर्न सम्बन्धित निकायमा लेखी पठाउने,

(ङ) खण्ड (घ) बमोजिम रोक्का राख्नु पर्ने अवस्था भएकोमा खण्ड (ख) बमोजिम तोकिएको रकम सोही आर्थिक वर्षमा असूल उपर हुन नसकी अर्को आर्थिक वर्षमा असूल गर्नुपर्ने भएमा वार्षिक दश प्रतिशतका दरले थप जरिवाना समेत जोडजम्मा गरी गाउँपालिकाले असूल गर्नुपर्नेछ ।

(८) उपदफा (१),(२), (३), (४), (५), (६), (७) र उपदफा (८) (क), (ख), (ग) बमोजिमको जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझ्ने पक्षले सो निर्णय भएको मितिले पन्ध्र दिनभित्र कार्यपालिकामा निवेदन दिन सक्नेछ । सो सम्बन्धमा कार्यापालिकाको निर्णय अन्तिम हुनेछ ।

(९) उपदफा (८) को खण्ड (घ) र (ङ) बमोजिमको सजाय उपर चित्त नबुझ्ने पक्षले सो निर्णय भएको मितिले ३५ दिनभित्र सम्बन्धित जिल्ला अदालतमा निवेदन दिन सक्नेछ ।

## परिच्छेद ४

## फोहरमैला व्यवस्थापन बोर्ड सम्बन्धी व्यवस्था

**१९. फोहरमैला व्यवस्थापन बोर्डको गठन :** (१) फोहरमैला व्यवस्थापन सम्बन्धमा अवलम्बन गर्नुपर्ने नीति निर्धारण र अन्य आवश्यक कार्यहरुका लागि गाउँपालिकामा एक फोहरमैला व्यवस्थापन बोर्ड रहनेछ ।

(२) उपदफा (१) बमोजिमको बोर्डमा देहायका सदस्यहरू रहनेछन् ।

(क) गाउँपालिका अध्यक्ष -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) कार्यपालिकाका सदस्यहरु मध्येबाट अध्यक्षले मनोनित गरेका एक जना महिला सहित दुई जना -सदस्य

(ङ) वातावरण तथा विपद् व्यवस्थापन बोर्डका संयोजक -सदस्य

(च) स्थानीय व्यवसायीहरूको प्रतिनिधिमूलक संघ संस्थाका प्रतिनिधिहरू मध्ये अध्यक्षले मनोनित गरेका एक जना महिला सहित २ जना -सदस्य

(छ) गाउँपालिकाको सम्बन्धित शाखा प्रमुख -सदस्य

(ज) अध्यक्षले मनोनित गरेको फोहरमैला प्रभावित क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरु मध्येबाट एक महिला सहित दुई जना -सदस्य

(झ) फोहरमैला व्यवस्थापन र खानेपानी तथा सरसफाई सम्बन्धित संस्थाहरु मध्येबाट अध्यक्षले मनोनित गरेको एक जना महिला सहित दुई जना -सदस्य

(ञ) योजना तथा शहरी विकास शाखा प्रमुख -सदस्य

(ट) गाउँपालिकाले तोकेको फोहरमैला व्यवस्थापन सम्बन्धी विज्ञ एक जना -सदस्य

(ठ) टोल विकास संस्थाहरू मध्येबाट गाउँ कार्यपालिकाले मनोनित गरेका एक महिला सहित दुई जना -सदस्य

(ड) फोहरमैला व्यवस्थापन तथा वातावरण शाखा प्रमुख -सचिव

(३) फोहोर व्यवस्थापन संलग्न निजी क्षेत्रका प्रतिनिधिलाई बोर्डमा आमन्त्रण गर्न सकिनेछ ।

(४) उपदफा (२) बमोजिम मनोनित सदस्यको पदावधि चार बर्षको हुनेछ ।

२०. **फोहरमैला व्यवस्थापन बोर्डको काम, कर्तव्य र अधिकार :** (१) फोहरमैला व्यवस्थापन बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) फोहरमैला व्यवस्थापन सम्बन्धी आवश्यक नीति तर्जुमा गरी स्वीकृतिका लागि गाउँ कार्यपालिकामा पेश गर्ने ।

(ख) फोहरमैला व्यवस्थापन कार्यसँग सम्वद्ध निकायहरू बीच समन्वयका लागि नीतिगत व्यवस्था गर्ने ।

(ग) फोहरमैला व्यवस्थापनका लागि गाउँपालिकाले शुल्क निर्धारण गर्दा आवश्यक पर्ने मापदण्ड तयार गरी गाउँ कार्यपालिकामा पेस गर्ने ।

(घ) एकिकृत रुपमा फोहरमैलाव्यवस्थापन गर्न गाउँपालिले कुनै लगानी गर्नुपर्ने अवस्थामा त्यस्तो लगानी गर्नुपर्ने रकमको प्रतिशत निर्धारण गर्ने ।

(ङ) फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा कुनै अवरोध उत्पन्न भएमा सरोकारवाला पक्षहरूसँग छलफल गरी समाधान खोज्ने ।

(च) तोकिए बमोजिम अन्य काम गर्ने ।

(२) बोर्डको बैठक छ महिनामा कम्तीमा एक पटक बोर्डका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) बोर्डको बैठकको अध्यक्षता बोर्डको अध्यक्षले गर्नेछ ।

(४) सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) बैठकको निर्णय सामान्यतः सहमतिमा गरिनेछ । सहमति हुन नसकेमा बहुमतको आधारमा हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) बोर्डले आवश्यक देखेमा फोहरमैला व्यवस्थापन सम्बन्धी कुनै विज्ञ वा पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(७) बोर्डको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ ।

(८) बैठक सम्बन्धी अन्य कार्यविधि बोर्ड आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ५

## विविध

**२१.क्षमता विकास सम्बन्धी :** (१) गाउँपालिकाले फोहरमैला व्यवस्थापन कार्यमा क्षमता विकासका कार्यहरू सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्न गाउँपालिकाले राष्ट्रिय तथा अन्तराष्ट्रिय सहयोग लिन सक्नेछ ।

**२२. रासायनिक विषादी सम्बन्धी व्यवस्था :** (१) रासायनिक विषादीको आयात गर्दा तोकिए बमोजिमको मापदण्डको अधीनमा रही गर्नुपर्नेछ ।

(२) समयावधि सकिएको रासायनिक विषादी तोकिएको मापदण्डको अधीनमा रही नष्ट गर्ने जिम्मेवारी त्यस्तो रासायनिक विषादी आयात गर्ने वा कारोबार गर्ने सम्बन्धित व्यक्ति वा संस्थाको हुनेछ । मापदण्ड विपरीत नष्ट गरेमा तोकिए बमोजिम कारबाही हुनेछ ।

**२३. फोहरमैला व्यवस्थापन संलग्न सामुदायिक संस्थाको अभिलेख राख्ने :** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको फोहरमैला व्यवस्थापनमा काम गर्ने सामुदायिक तथा गैह्र सरकारी संस्थाहरूको अध्यावधिक विवरण राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिने विवरणमा त्यस्ता संस्थाले काम गरिरहेको क्षेत्र र प्रकृति, जनशक्ति, आर्थिक तथा प्राविधिक स्रोत तथा तोकिएको अन्य विवरण समेत उल्लेख गर्नु पर्नेछ ।

२४. **स्वीकृति लिनुपर्ने :** गाउँपालिकाले कुनै विदेशी व्यक्ति, संघसंस्था वा दातृ निकायबाट सहयोग लिई फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा संघीय सरकारको पूर्व स्वीकृत लिनु पर्नेछ ।

२५. **पुरस्कार दिन सकिने :** (१) फोहरमैला व्यवस्थापनका लागि नवीनतम अवधारणाको विकास गर्ने, त्यस्तो कार्यलाई प्रोत्साहन गर्ने तथा फोहरमैला व्यवस्थापन कार्यमा योगदान दिने व्यक्ति वा संस्थालाई गाउँपालिकाले तोकिए बमोजिम पुरस्कृत गर्न सक्ने छ ।

(२) यस ऐनको प्रतिकूल हुने गरी जथाभावी फोहरमैला राख्ने, थुपार्ने वा फाल्ने व्यक्तिको बारेमा प्रमाणसहित उजुरी दिने व्यक्तिलाई गाउँपालिकाले सम्मान एवं नगद पुरस्कार दिन सक्नेछ ।

२६. **नियम बनाउने अधिकार :** कार्यपालिकाले यस ऐनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

फोहोरमैला वर्गीकरण

## अनुसूची-१

(दफा (४) को उपदफा १ संग सम्बन्धित)

| **साधारण फोहोरमैला** | | | **हानिकारक फोहोरमैला** | |
|---|---|---|---|---|
| जैविक फोहोर | अजैविक फोहोर | अन्य | स्वास्थ्य संस्था जन्य फोहोर | औद्योगिक फोहोर |
| भान्साको फोहोर, बचेको खाना, कागज तरकारी तथा फलफूलका बोक्रा, पात, पतिंगर, धुलो, कसिंगार र यससंग सम्बन्धित ग्यास, तरल तथा ठोस फोहोरमैला | प्लाष्टिकका सामान, कार्ड बोर्ड, पेपर, सिसा, मेटल, जुत्ता, चप्पल, पुरानो कपडा यससंग सम्बन्धित तरल तथा ठोस फोहोरमैला | निर्माणजन्य फोहोरमैला, पशुपंक्षीजन्य यससंग सम्बन्धित तरल तथा ठोस फोहोरमैला | म्याद नाघेका औषधीहरु, सिरिन्ज, निडिल, धारिला हतियार एंव औजारहरु, पञ्जा, माक्स, स्यानिटरी प्याड, डाईपर, काटिएका शरीरका अंगहरु, रगतका पोका, ब्यान्डेज र यससंग | विषालु ग्यास, खरानी, हेविमेटल, मर्करी, लिड, रंग, विषदीहरु, केमिकल, फर्टिलाईजर, सवारी साधनजन्य, पोलिस र यससंग सम्बन्धित |

| | | | | |
|---|---|---|---|---|
| | | | सम्बन्धित तरल तथा ठोस फोहोरमैला | तरल तथा ठोस फोहोरमैला |

आज्ञाले,
अबिलाल राई
प्रमुख प्रशासकीय अधिकृत